# वार्षिक परीक्षा २०८२

कोड नं १४२०

कक्षा: ५ पूर्णाङ्क: ५०

विषय: नेपाली समय: २ घण्टा

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक उत्तर दिनुपर्नेछ।**

१. **दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा भर्नुहोस् :** (२)

| अविस्मरणीय | घाइते | नर्सरी | विश्वास | लक्ष्य |
|---|---|---|---|---|

क) लडाइँमा चोटपटक लागेको ............................ ।

ख) कहिल्यै पनि बिर्सन नसकिने ........................ ।

ग) तोकेको कुरो उद्देश्य ............................ ।

घ) बिरुवा हुर्काउन बनाइएको ठाउँ ................................ ।

२. **खाली ठाउँमा कोष्ठकबाट मिल्दो शब्द भर्नुहोस् :** (२)

क) 'सुलभ' को उल्टो अर्थ दिने शब्द ........... हो। (दुर्लभ, दुर्गम, दुष्ट)

ख) 'सुन्तला' को लघुतावाची शब्द ............... हो। (दाना, केस्रो, गेडो)

ग) 'शीत' को उस्तै सुनिने शब्द .............. हो। (गित, मित, सित)

घ) 'गा.पा.' को पूरा रुप ........... हो। (गाउँले पारा, गाउँपालिका, गाई पालुवा)

३. **तल दिएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (३)

सिपालु, पराजय, थचक्क

४. **शुद्ध शब्द छानेर लेख्नुहोस्।** (१)

क) सन्सार, संसार, शंसार, सङ्सार

ख) शिर्षक, सीर्षक, शीर्षक, सिर्सक

५. **दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

काकाले हिजो म लाई खेलौना कीताब र यउटा झोला ल्याइ दिनुभयो।

६. **रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** (२)

<u>हामी</u> सबै यो <u>देश</u>का <u>असल</u> नागरिक <u>बन्नुपर्छ</u>।

७. **जोडा मिलाउनुहोस्।** (२)

| | |
|---|---|
| नामयोगी | तर |
| निपात | सित |
| विस्मयादिबोधक | नि |
| क्रियायोगी | ओहो ! |
| | सुटुक्क |

८. **उपयुक्त विभक्ति राखी खाली ठाउँमा भर्नुहोस् :** (२)

क) रुख ............... आँप खस्यो। (मा, ले, बाट)

ख) गुरु ................... पाठ पढाउनुभयो। (ले, द्वारा, बाट)

ग) रमा ...................... बहिनी निकै बाठी छिन् । (का, की, निम्ति)

घ) तिमी सहर ................ नबस् । (मा, ले, लाई)

**९. दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** **(४)**

क) उनीहरु कक्षामा बस्छन् । (भविष्यत काल)

ख) काकाले कोट लगाउनुभयो । (वर्तमान काल)

ग) गुरुले पाठ पढाउनुहुन्छ । (भूतकाल)

घ) साथीहरु घुम्न गए । (वर्तमान काल)

**१०. दिइएको वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् :** **(५)**

क) हामी घर जान्छु ।

ख) शिक्षले हामीलाई कथा सुनायो ।

ग) उसको बहिनी आयो ।

घ) विद्यार्थीहरु झोलामा किताब राख्छ ।

ङ) तिमी बजार जान्छस् ।

**११. दुबै प्रश्नहरुको उत्तर दिनुहोस् ।** **४+४= ८**

**अ) दिइएको कथाको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

किसानटार कृषि उत्पादन गर्ने प्रमुख गाउँ थियो । त्यहाँका मानिस मिहिनेती थिए । त्यहाँको माटो उर्बर थियो । त्यहाँ खेतीपातीका लागि उपयुक्त हावापानी थियो । खाद्यान्न, तरकारी र फलफूल प्रशस्त उत्पादन हुन्थ्यो । केही समयदेखि त्यस गाउँमा कृषि उत्पादन बाँदरले खान थाले । सोही कारण त्यस गाउँलाई बाँदरेटार भन्न थालिएको थियो । बाँदर खेतबारीमा मात्र होइन, घरभित्र पनि पसेर दुःख दिन्थे ।

**प्रश्नहरु :**

क) कृषि उत्पादनको प्रमुख गाउँ कुन थियो ?

ख) किसानटारमा के-के उत्पादन हुन्थ्यो ?

ग) बाँदर कहाँ पस्थे ?

घ) किसानटारको अर्को नाम के रहन गयो ?

**आ) तलको जीवनीअंश पढी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :**

सिद्धार्थ शान्त स्वभावका मानिस थिए । उनले धेरै ठाउँ घुमेर आफूले प्राप्त गरेको तत्वज्ञानलाई प्रचार गरे । उनी कसैले रिसाएर गरेको प्रश्नको उत्तर पनि शान्त भएर दिन्थे । आफूमाथि दुर्व्यवहार गर्न आएको मानिसलाई पनि आफ्नो बोली, व्यवहार र ज्ञानले चेलो बनाउँथे । उनी अप्ठेरो कुरालाई पनि सजिलो गरी बताउँथे । उनीसँग यस्ता अद्भूत गुण थियो । यही गुणले गर्दा हजारौ हजार मानिसहरु उनका शिष्य बने ।

**प्रश्नहरु :**

क) सिद्धार्थ कस्ता स्वभावका थिए ?

ख) उनी अरुले सोधेको प्रश्नको उत्तर कसरी दिन्थे ?

ग) सिद्धार्थ कस्तालाई चेलो बनाउँथे ?

घ) कस्ता गुणले गर्दा उनका धेरै शिष्यहरु बने ?

**१२. कुनै एक उद्धरणको भाव वर्णन गर्नुहोस् :** **(४)**

क) नेपालीको मन भित्र नेपाल नै हुन्छ

देशभक्ति भावनाले नेपाल नै हुन्छ ।

ख) रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु स्वास्थ्यप्रति सतर्कता हो ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

क) आफ्नो पढाइको वर्णन गर्दै मामालाई चिठी लेख्नुहोस् ।

ख) जन्मदिनको अवसरमा साथीलाई दिने शुभकामना पत्र तयार गर्नुहोस् ।

**१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

**क) दिइएका बुँदाका आधारमा मिल्दो शीर्षक दिई कथा लेख्नुहोस् :**

गाउँमा दुईजना बाबु छोरा बस्नु ............... छोरो चन्चले र गफाडी हुनु .................. गर भनेको काम नगर्नु .............. एक दिन बाबु छोरा घुम्न निस्कनु ................ जङ्गलमा रात पर्नु .................. पोखरीको छेउमा बास बस्नु ............... राती पोखरी छेउमा हात्ती आउनु ............. हात्तीले पानी खानु .............. पानी खाँदा पोखरीको भ्यागुताले हात्तीलाई निल्नु ............... कसैले नपत्याउनु ................. सपना सत्य नहुनु ।

**ख) 'होली पर्वको रमाइलो' शीर्षकमा दुईजना साथी बिचको संवाद तयार पार्नुहोस्:**

आभा : ओहो ! विमला कहिले आयौं ?

विमला : शनिवार आएकी हुँ । तिम्रो खवर के छ ?

आभा : ठिकै छ । यसपालिको होली निकै रमाइलो हुने भयो ।

विमला : ..........................................................................................

आभा : ..........................................................................................

विमला : ..........................................................................................

आभा : ..........................................................................................

विमला : ..........................................................................................

आभा : ..........................................................................................

विमला : ..........................................................................................

आभा : ..........................................................................................

**१५. कुनै एक शीर्षकमा १०० शब्द नघटाई निबन्ध लेख्नुहोस् ।** **(५)**

क) अनुशासनको महत्व

ख) मेरो देश

ग) करेसाबारी

**समाप्त**